वर्ष २) अंक १, तलकोट गा.पा स्थानीय राजपत्र भाग १

अनुसूची- २

(दफा ४ तथा अनुसूची - १ को भाग- १ सँग सम्बन्धित)

तलकोट गाँउपालिका

स्थानीय राजपत्र

खण्ड : २ संख्या : १ मिति : २०७९।०५।१३

भाग - १

तलकोट गाउँपालिका

तलकोट गाउँपालिकाको आर्थिक ऐन २०७९

उद्देश्य र कारण

तलकोट गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न केही कर, शुल्क र दस्तुर लगाउन, लगाई राखेकोलाई चालु राख्न, हेरफेर गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो।

प्रस्तुत विधेयकको व्यवस्थाले राजस्व, कर, शुल्क, र दस्तुरको निर्धारण, त्यस्तो कर दस्तुरको दर बढाउने, घटाउने व्यवस्थाको साथैसेवा दस्तुर, पूर्वाधार कर, सडक निर्माण तथा सम्भार दस्तुर र सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन दस्तुर, वन पैदावार शुल्क नदिजन्य वस्तुको शुल्क लगायतका शुल्क, दस्तुर, कर सम्बन्धी व्यवस्थाहरुलाई समयानुकुल निर्धारण गरिएको छ।

द्रष्टव्यः यो विधेयक अर्थ विधेयक हो।

(पार्वती कुँवर भण्डारी)
उपाध्यक्ष, तलकोट गाउँपालिका

तलकोट गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावना:

तलकोट गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम तलकोट गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ।

(२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि तलकोट गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **एकिकृत सम्पत्ति कर** :(१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरुलाई एकीकृत रुपमा हिसाब गरी सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ। तर गुठी जग्गामा सम्पत्ति कर लगाइने छैन।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची (१) मा उल्लेख भएबमोजिम हुनेछ।

(३) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजारमूल्य तथा ह्रासमूल्य समेतलाई विचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ।

३. **भूमि कर (मालपोत)** : गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ। तर दफा २ बमोजिम एकिकृत सम्पत्ति कर लागाएको जग्गामा भूमीकर (मालपोत) लगाईने छैन।

४. **घर जग्गा वहाल कर** :(१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा बहाल कर लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा वहाल करको दर अनुसूची (३) मा उल्लेख भएबमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि गाउँपालिका घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ।

५.**व्यवसाय कर** :(१)गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

(२) उप दफा (१) बमोजिम व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ।इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नविकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा अनुसूची (४) मा तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिमको इजाजत विना गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन।

(५) उपदफा (४) बमोजिम लिइने व्यवसाय करको दर अनुसूची (४) मा तोकिए बमोजिम हुनेछ।

(६) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर** :(१)गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन,खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मतृवा मारिएका जीवजन्तुको हाड, सिङ, प्याँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापतअनसूची (५) बमोजिमजडिबुटी, कवाडी तथा जीवजन्तुकर लगाइने र असूल उपर गरिनेछ।

स्पष्टीकरण:यस दफाको प्रयोजनको लागि कारोवार भन्नाले विक्रेताले जारी गरेको विल वा वीजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ र गाउँपालिकाले कर लगाउँदा कारोवार रकमको निश्चित प्रतिशतका दरले लगाउने छ।

(२) उपदफा (१) बमोजिमका वस्तुको व्यवसायिक कारोवार गर्ने व्यक्ती वा संस्थालाई गाउँपालिकाले व्यवसाय इजाजत दिदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ।

७. **सवारी साधन कर** :(१) गाउँपालिका क्षेत्रभित्रका सवारी साधनमा प्रदेशलेसवारी साधन कर लगाउने र उठाउनेछ। तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा तथास्कुटरमा गाउँपालिकाले सवारी साधन करलगाउने र उठाउनेछ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, नवीकरण र सवारी साधन करको दर अनुसूची (६) बमोजिम हुनेछ।

(३) प्रदेशले लगाएको सवारी साधन कर रकमबाट गाउँपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ। ।

८. **विज्ञापन कर** :गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन,प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ।

(३) यस दफा बमोजिम गाउँपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ।

९. **मनोरन्जन कर** :(१) गाउँपालिका क्षेत्रभित्र संचालित सिनेमाहल,सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल,जादू, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ।

तर प्रदेश कानून बनिनसकेको अवस्थामा यस दफा बमोजिम गाउँपालिकाले अनुसूची (८) बमोजिमको दरमा मनोरञ्जन कर लगाइने र उठाइनेछ।

(२)उप दफा (१) बमोजिम गाउँपालिकालेउठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ।

१०. **बहाल बिटौरी शुल्क** :(१) गाउँपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची (९) बमोजिमको दरमा वहाल विटौरी शुल्क लगाउन र उठाउन सक्नेछ :

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,

(ग) गाउँपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

(२) उपदफा (१)को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कार्यपालिकालेन्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढाबढको माध्यमबाट बहालमा दिन सक्नेछ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल विटौरी शुल्क उठाउनकालागि गाउँपालिकालेत्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोवारको आधारमातोकेको न्यूनतम बहाल विटौरी शुल्कको दरमा वोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहाल विटौरीमा दिन सकिनेछ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल विटौरीमा दिंदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ।

११. **पार्किङ शुल्क** :(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्गस्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत पार्किङ्ग गर्ने समयको आधारमाअनुसूची (१०) मा उल्लेख भएबमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ। तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन।

(३) गाउँपालिकालेसवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ।

१२. **ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र च्याफ्टीङ्ग शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र च्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुर** :(१)गाउँपालिकाले आफ्नो क्षेत्रभित्रसञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपप्लायर,च्याफ्टिङ्ग,प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ।

तर सीमा नदी वा अर्को गाउँपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यबसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित गाउँपालिकासँग समन्वय गरी लगाइनेछ।

(२) गाउँपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शवदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) गाउँपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,

(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

(३) गाउँपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, "घ" बर्गको निर्माण व्यबसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल,स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकी लगाइनेर उठाइनेछ ।

(४) दफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची (१२) मा उल्लेख भएबमोजिम हुनेछ ।

१४. पर्यटन शुल्क : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५.नदीजन्य पदार्थको शुल्क:

१)तलकोट गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सबै नदीनाला तथा खोलाहरुबाट प्राप्त हुने नदीजन्य वस्तुहरुको सेवा शुल्क कर (बिक्रीकर) अनुसूची १४ मा तोकिए बमोजिम लगाइने र असुल उपर गरिनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आ. व. २०७८। ७९ सम्म अनुमती प्रदान गरिएका अस्थायी क्रसरका हकमा वार्षिक रुपमा तोकिए बमोजिमको रोयल्टी लगाइनेछ । यस्तो क्रसर कुनै समय बन्द हुने अवस्थामा सम्बन्धित उद्योगले लिखित जानकारी गराएको अवस्थामा सो कुरा अनुगमनका क्रममा प्रमाणित हुन आएमा संचालन भएको महिनाको मात्र रोयल्टी रकम दामाशाही दरमा उठाइने छ ।

१६.घरजग्गा रजिष्ट्रेशन शुल्क : (१)घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईनेछ ।

(२) उपदफा (१) बमोजिमउठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँट गरिनेछ ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन गाउँपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ।

१७. दण्ड जरिवाना :(१)गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ।

(२) गाउँपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ।

१८. कर छुट :(१) बार्षिक रुपमा तिर्नुपर्ने राजश्व सोही आर्थिक बर्षको पहिलो चौमासिक भित्र र मासिक रुपमा तिर्नुपर्ने राजश्वको हकमा महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजश्वको क्रमशः दश र पाँच प्रतिशत छुट दिइनेछ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन।

स्पष्टीकरणः लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, बालगृह, अनाथाश्रम, बृद्धाआश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ।

(३) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई गाउँसभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ।

(४) कानूनमा व्यवस्था भएको अवस्थामा बाहेक गाउँपालिकाले कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन।

तर स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पुर्‍याउने किसिमका उद्योग व्यबसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन।

१९. प्रशासकीय पुनरावलोकन र पुनरावेदन :(१) गाउँपालिका गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले गाउँपालिका प्रशासकीय पुनरावलोकनकोलागि निबेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निबेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले अध्यक्षको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय

राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा सम्लग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।

(३)उपदफा (१) बमोजिम पुनरालोकनकोलागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्वन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) गाउँपालिका तोकिएको समयमा यस दफा बमोजिम प्रशासकिय पुनरावलोकन नगरेको कारणले करदालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा गाउँपालिका त्यसको क्षतिपुर्ति दिनु पर्दछ ।

२०.**ठेक्का आह्वान गर्न सक्ने** :(१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्नसक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमकोआय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यंबस्था मिलाउनु पर्नेछ ।

(३) गाउँपालिका सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) गाउँपालिका कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी, कवाडी र जीबजन्तुकर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा सभाको निर्णय गराई ठेक्कामा संकलन गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यबस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ (संशोधन समेत) लाई आधार मानी गरिनेछ ।

२१. **सहयोग गर्नुपर्ने** :संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले गाउँपालिका राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

२२. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिने** :गाउँपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नेछ ।

२३. **कार्यविधि बनाउन सक्ने** :(१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि तलकोट गाउँपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका सम्बन्धित कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

२४. **प्रचलित कानुन बमोजिम हुने** :यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

अनुसूची - १
(दफा २ संग सम्बन्धित)
गाउँपालिकाले लगाउने एकीकृत सम्पत्ति कर

सि.नं.	राजश्वका क्षेत्रहरु	गत आ.व.को यथार्थ रकम	चालू आर्थिक वर्षको दर	आ.व. २०७९/ को प्रस्तावित दर	कैफियत
१	रु १ लाख देखि ५ लाख सम्म	०	एकमुष्ट ७५	एकमुष्ट ७५	
२	रु ५ लाख १ हजार देखि १० लाख सम्म	०	प्रति लाख २५ का दरले थप	प्रति लाख २५ का दरले थप	
३	रु १० लाख १ हजार देखि ५० लाख सम्म	०	प्रति लाख ५० का दरलेथप	प्रति लाख ५० का दरलेथप	
४	रु ५० लाख १ हजार देखि १ करोड सम्म	०	प्रति लाख ७५ का दरले थप	प्रति लाख ७५ का दरले थप	
५	रु १ करोड १ लाख देखि २ करोड सम्म	०	प्रति लाख रु १०० का दरले थप	प्रति लाख रु १०० का दरले थप	
६	रु २ करोड १ लाख देखि ५ करोड सम्म	०	प्रति लाख रु ११५ का दरले थप	प्रति लाख रु ११५ का दरले थप	
७	रु ५ करोड १ लाख देखि १० करोड सम्म	०	प्रति लाख रु १३० का दरले थप	प्रति लाख रु १३० का दरले थप	
८	रु १० करोड भन्दा माथि जतिसुकै भएपनि	०	प्रति लाख रु १५० का दरले थप	प्रति लाख रु १५० का दरले थप	

अनुसूची - २
(दफा ३ संग सम्बन्धित)
मालपोत वा भुमि कर तर्फ

सि न	वर्ग	न्युनतम ५ रोपनी सम्मको रकम		थप प्रति रोपनी रकम	
		खेत	पाखो	खेत	पाखो
१	अव्वल	रु २५/-	रु १५/-	रु ५/-	रु २/-

२	दोयम	रु २०/-	रु १०/-	रु ४/-	रु ३/-
३	सिम	रु १५/-	रु ५/-	रु ३/-	रु ४/-
४	चाहार	रु १०/-	रु ३/-	रु २/-	रु ५/-

घर कर वर्गिकरण

क.सं.	घरको किसिम	आ.व.२०७९/८० का लागि अनुमानित दर			
		आवासिय प्रयोजन		व्यवसायिक प्रयोजन	
१	ढुंगामाटोको जोडाई खरको २ तले छाप्रो (छानो)	२०/-		४०/-	
२	ढुंगामाटोको जोडाई ३ तले खरको छानो भएको घर	३०/-		६०/-	
३	ढुंगामाटोको जोडाई ढुङ्गा वा टिनको छाना भएको ३ घर	४०/-		८०/-	
४	ढुंगामाटोको जोडाई ३ तले टिन वा ढुंगाको छानो भएको वारतली सहितको घर	६०/-		१५०/-	
५	ढुंगामाटो सहितसिमेन्टले प्लाष्टर गरेको घर	८०/-		१६०/-	
६	व्यापार ,व्यबसाय प्रयोजनका लागि बनाएको १ वा २ तले काठ वा टिनको प्रयोग गरि बनाएको घर	१८०/-		१८०/-	
७	पिलर विम बाहेकको ढलान गरेको २/३ तले घर	१००/-		२००/-	
८	पिलर विम सहितको टिन वा ढुङ्गले छाएको विना ढलानको घर	१२०/-		२४०/-	
९	पिलर र विम सहितको ढलान गरिएको घर	२००/-		४००/-	
१०	नक्सापास निवेदन फारम दस्तुर	३००/-			

अनुसूची - ३
(दफा ४ संग सम्बन्धित)
गाउँपालिकाले लगाउने घरवहाल कर

सि.नं.	घरको प्रकार	करको दर	कैफियत
१	जुनसुकै घर वा अन्य सम्पत्ती को बहाल कर	बहाल रकमको १० प्रतिशत	

अनुसूची - ४
(दफा ५ संग सम्बन्धित)
गाउँपालिकाले लगाउने व्यावसाय कर

सि.नं.	राजश्वका क्षेत्रहरु	गत आ.व.को	चालु आ.व.को दर प्रतिपसल	आगामि आ.व.को प्रस्तावित	कैफियत
१	ज्वलरी सुन चाँदी पसल	रु ५००/-	रु ५००/-	५००/-	

२	सुन चाँदी जवाफ लगाएतका गरगहना बेचविखन	रु ५००/-	रु ५००/-	५००/-	
३	मदिरा व्यवसाय सिफारिस (थोक)	रु५०००/-	रु५०००/-	५०००/-	
	मदिरा व्यवसाय नविकरण शुल्क (थोक)	रु १०००/-	रु १०००/-	५०००/-	
४	मदिरा व्यवसाय सिफारिस (खुद्रा)	रु ३०००/- रु १०००/-	रु ३०००/- रु १०००/-	३०००/-	
	मदिरा व्यवसाय नविकरण शुल्क (खुद्रा)			२०००/-	
५	भिडियो क्यामेरा पसल दर्ता	रु २००/-	रु २००/-	५००/-	
६	इलेक्ट्रिक सामानको पसल (घडी, रेडियो, टि.भी.मोवाइलममंत)	रु ५००/-	रु ५००/-	१०००/-	
७	भाँडा पसल दर्ता	रु ३००/-	रु ३००/-	१०००/-	
८	हार्डवयेर पशल दर्ता शुल्क	रु १०००/-	रु १०००/-	१५००/-	
९	इन्धन विक्रि पसल (डरमम्मा राखेर),एल.पि ग्यास	रु ३००/-	रु ३००/-	८००/-	
१०	फर्निचर पसल दर्ता शुल्क	रु ५००/-	रु ५००/-	१०००/-	
११	खाद्यन्न किराना पसल थोक विक्रेता पशल दर्ता शुल्क	रु१०००/-	रु१०००/-	१५००/-	
१२	खाद्यन्न किराना पसल खुद्रा विक्रेता दर्ता शुल्क	रु ५००/-	रु ५००/-	१०००/-	
१३	फलफूल तरकारी पसल दर्ता	रु १५०/-	रु १५०/-	२००/-	
१४	गेष्टहाउस	रु ५००/-	रु ५००/-	१०००/-	
१५	होम स्टे प्रति घर	रु ३००/-	रु ३००/-	३००/-	
१६	स्टेशनरी पशल दर्ता शुल्क	रु २५०/-	रु २५०/-	५००/-	
१७	वित्तीय बैक नेपाल सरकारको स्वामित्व वाहेक	रु १०००/-	रु १०००/-	१५००/-	
१८	फाइनान्स तथा लघु वित्त	रु १०००/-	रु १०००/-	१५००/-	
१९	बहुउद्देश्यीय सहकारी -ऋण, बचत प्रतिलाख	रु ५००/-	रु ५००/-	१०००/-	
२०	कृषि सहकारी प्रति लाख	रु ५०/-	रु ५०/-	५०/-	
२१	औषधी पसल	रु १०००/-	रु १०००/-	१५००/-	
२२	दाँत बनाउने / आँखासम्बन्धित	रु १०००/-	रु १०००/-	१५००/-	

	क्लिनिक				
२३	निजी क्षेत्रका विद्यालय क) मा.वि. तह ख) आधारभूत तह	 रु १०००/- रु ७००/-	 रु १०००/- रु ७००/-	 १०००/- ७००/-	
२४	कम्प्युटर प्रशिक्षण	रु ५००/-	रु ५००/-	१०००/-	
२५	ब्युटिपार्लर दर्ता शुल्क	रु ५००/-	रु ५००/-	५००/-	
	नवीकरण			२५०/-	
२६	सवारी साधन मर्मत ग्यारेज	रु ५००/-	रु ५००/-	१०००/-	
२७	फोटो स्टुडियो	रु २५०/-	रु २५०/-	५००/-	
२८	गै.स.सं.दर्ता सिफारिस	रु १०००/-	रु १०००/-	१५००/-	
	गै.स.सं नबिकरण शुल्क	रु ५००/-	रु ५००/-	१०००/-	
२९	अन्तरराष्ट्रिय गै.स.सं.(कार्यक्रम अनुमति सिफारिस)	रु ५००/-	रु ५००/-	१०००/-	
३०	क)घ वर्गको इजाजत अनुमति शुल्क ख)गाउँपालिका सेवा शुल्क जम्मा क+ख ग)अनुमति पत्रको प्रतिलिपि घ)नामसारि तथा ठाउसारि ङ) नविकरण शुल्क(असोज भित्र) च) नविकरण शुल्क असोज पछाडि चैत्र सम्म)			सम्बन्धित कानूनमा व्यवस्था भए बमोजिम	
३१	मासु पसल	रु ५००/-	रु ५००/-	१०००/-	
३२	पिकनिकपार्क स्पोर्ट	रु १००/-	रु १००/-	१००/-	
३३	घुम्तीपसल स्थानीय बाह्य	रु १००/-			
			रु १००/-	१००/-	
		रु २००/-	रु २००/-	५०० /-	
३४	कपडा पसल	रु ५००/-	रु ५००/-	१०००/-	
३५	सूचीकार टेलर्स	रु १००/-	रु १००/-	२००/-	
३६	जुत्तासिउने पसल	रु १००/-	रु १००/-	२००/-	
३७	राइस मिलकुटनी पीसानी	रु २००/-	रु २००/-	५००/-	
३८	ज्योतिष पसल	रु १००/-	रु १००/-	२००/-	
३९	सवारी साधन सिफारिस शुल्क(स्कुटर, मो.सा., अन्यचार पाङ्ग्रे)	रु ५००/-	रु ५००/-	५००/-	
४०	निजी कार जीप सिफारिस शुल्क	रु १०००/-	रु १०००/-	१०००/-	
४१	ट्याक्टर सिफारिस शुल्क	रु १०००/-	रु १०००/-	१०००/-	

४२	निजी मिनी वस, ट्राभल बस ,ट्रक सिफारिस शुल्क	रु १५००/-	रु १५००/-	१५००	
४३	कस्मेटिक पसल	रु २००/-	रु २००/-	५००/-	
४४	हजाम पसल दर्ता शुल्क	रु १००/-	रु १००/-	२००/-	
४५	सुर्तिजन्य पसल दर्ता शुल्क	रु ५००/-	रु ५००/-	८००/-	
	सुर्तिजन्य पसल नबिकरण शुल्क	रु ३००/-	रु ३००/-	४००/-	
४६	एग्रोभेट पसल दर्ता शुल्क	रु १०००/-	रु १०००/-	१०००/-	
४७	सामान्य चिया पसल मात्र	रु १००/-	रु १००/-	२००/-	
४८	होटेल एण्ड लज	रु ५००/-	रु ५००/-	१०००/-	
४९	आरन /काठका ठेकि तथा अन्य सामान पसल	रु १००/-	रु १००/-	२००/-	
५०	डोका ,डालो लगाएत अन्य निगालो र बाँस जन्य सामानको पसल	१००/-	१००/-	२००/-	
५१	हाते कागज,अल्लो प्रशोधन,होजियारी	२५०/-	२५०/-	३००/-	
५२	कभर्ड हल -व्यायाम शाला	२००/-	२००/-	५००/-	
५३	नयाँ व्यवसाय दर्ता शुल्क रु १ लाख सम्म	२००/-	२००/-	५००/-	
५४	नयाँ व्यवसाय दर्ता शुल्क रु १ देखि ५ लाख सम्म	३००/-	३००/-	१०००/-	
५५	नयाँ व्यवसाय दर्ता शुल्क रु ५ लाख देखि १० लाख सम्म	५००/-	५००/-	१०००/-	
५६	नयाँ व्यवसाय दर्ता शुल्क रु १० लाख भन्दा माथि	१०००/-	१०००/-	१५००/-	
५७	उद्योग दर्ता (साना तथा लघु उद्योग) रु १ लाख सम्म	२००/-	२००/-	५००/-	
५८	उद्योग दर्ता १ लाख देखि ५ लाख सम्म	३००/-	३००/-	१०००/-	
५९	उद्योग दर्ता ५ लाख भन्दा माथि	१०००/-	१०००/-	१५००/-	
६०	स मिल काठ चिरानी दर्ता शुल्क	३००/-	३००/-	१५००/-	
६१	फर्निचर उद्योग दर्ता शुल्क	३००/-	३००/-	१०००/-	
६२	डेरि उद्योग दर्ता	२००/-	५००/-	५००/-	
६३	उल्लेखित बाहेक अन्य व्यबसाय दर्ता सिफारिस प्रमाणित सम्सोधित	२००/- १००/- २००/- २००/-	२००/- १००/- २००/- २००/-	५००/-	
६४	उल्लेखित बाहेक अन्य नबिकरण शुल्क	२००/-	२००/-	५००/-	

घट्ट कर

६५	नयाँ पानी घट्ट दर्ता शुल्क	रु ५०/-	रु ५०/-		रु ५०/-	
६६	विद्युतबाट चल्ने घट्ट दर्ता शुल्क	रु १००/-	रु १००/-		रु १००/-	
६७	३ महिना सम्म संचालन हुने	रु ५०/-	रु ५०/-		रु ५०/-	
६८	६ महिना सम्म संचालन हुने	रु ७५/-	रु ७५/-		रु ७५/-	
६९	१२ महिना संचालन हुन	रु १००/-	रु १००/-		रु १००/-	

अनुसूची - ५

(दफा ६ संग सम्बन्धित)

गाउँपालिकाले लगाउने जडिबुटी,फलफूल, कवाडी र जीवजन्तु कर

सि.नं.	राजश्वका क्षेत्रहरु	गत आ.व.को यथार्थ रकम	चालु आ.ब.को संशोधित अनुमान	आगामि आ.व.को प्रस्तावित	कैफियत
१	लोकल यार्चा गुम्बा प्रति के.जि	रु ५००/-		रु १०००/-	
२	यार्चा गुम्बा प्रति के.जि	रु १५००/-		रु १५००/-	
३	पाषणबेद प्रति क्विन्टल	रु १००/-		रु २००/-	
४	समय प्रति क्विन्टल	रु १००/-		रु २००/-	
५	चिराइतो प्रति क्विन्टल	रु ५०/-		रु १००/-	
६	बोजो प्रति क्विन्टल	रु १००/-		रु २००/-	
७	कटुकि प्रति क्विन्टल	रु २००/-		रु २००/-	
८	सतुवा प्रति क्विन्टल	रु ५००/-		रु १०००/-	
९	घुचि च्याउ,कन्ने च्याउ,अन्य च्याउ जाती प्रति के.जि	रु १०/-		रु १०/-	
१०	गदाल्नो प्रति के.जि	रु १०/-		रु ५०/-	
११	लोक्ता,अल्लो प्रति क्विन्टल	रु १५०/-		रु १५०/-	
१२	रिठो प्रति क्विन्टल	रु १५०/-		रु १५०/-	
१३	सुनाखरी प्रति के.जि	रु १०/-		रु ५०/-	
१४	स्याउ,सुन्तला,ओखर,आरु,केरा आदि प्रति क्विन्टल	रु १००/-		रु १००/-	
१५	कोदो,मकै,फापर,जौ,लोकल चामल, प्रति क्विन्टल	रु १००/-		रु १००/-	
१६	दालजन्य गेडागुडि	रु १००/-		रु १००/-	

१७	कवाडिजन्य सामान प्रति टेक्टर	रु ५०/-		रु ५००/-	
१८	भेडा,बाख्रा,खसि,बोका (प्रति गोटा स्थानिय)	रु १०/-		रु ५०/-	
	भेडा,बाख्रा,खसि,बोका (प्रति गोटा गाउँपालिका बाहिर निकासी)	रु ५/-		रु ५०/-	
	राँगा, भैँसी गाउँपालिका बाहिर निकासी प्रतिगोटा			रु २०००/-	
१९					
२०	खच्चर(प्रति गोटा सामान ढुवानी बार्षिक)	रु १००/-		रु २००/-	
२१	जनावरको हाडखोर प्याँख छाला नङ्ग्रा सिंङ रौ आदि प्रति क्वीन्टल	रु ५००/-		रु ५००/-	

रुख कटानको कर

सि.नं.	राजश्वका क्षेत्रहरु	गत आ.व.को यथार्थ रकम	चालू आव.को स्वीकृत दर	आगामि आ.व.को प्रस्तावित दर रु	कैफियत
१	१ वटा रुख देखि १० वटा रुख सम्म (प्रति रुख)	रु ५०/-	रु ५०/-	रु १००/-	
२	११ वटा रुख देखि ३० वटा रुख सम्म (प्रति रुख)	रु ७५/-	रु ७५/-	रु २००/-	
३	३१ वटा रुख देखि ५० वटा रुख सम्म (प्रति रुख)	रु १०० /-	रु १०० /-	रु २५० /-	
४	५१ वटा रुख देखि १०० वटा रुख सम्म (प्रति रुख)	रु १५० /-	रु १५० /-	रु ३०० /-	
५	१०१ वटा रुख देखि ५००वटा रुख सम्म (प्रति रुख)	रु २००/-	रु २००/-	रु ४००/-	
६	५०१ वटा रुख देखि १००० वटा रुख सम्म (प्रति रुख)	रु २५०/-	रु २५०/-	रु ५००/-	
७	१००० वटा रुख भन्दा माथि (प्रति रुख)	रु ३००/-	रु ३००/-	७५०/-	विशेष कार्यका लागि मात्र अनुमती दिइने ।

८	सल्लाको रुखबाट खोटो संकलन कार्य(प्रति टिन)	रु १०/-	रु १०/-	रु २०/-	
९	काठ निकासि प्रति ट्याक्टर	०	रु १०००/-	रु २०००/-	सुकेको काठ सामुदायिक वनले निकासी गर्दा
१०	काठ विक्रि गा पा भित्र (सामुदायिक वनका लागि)	०	रु २००/-	रु २००/-	

अनुसूची - ६
(दफा ७ संग सम्बन्धित)
गाउँपालिकाले लगाउने सवारी साधन कर

सि.नं.	राजश्वका क्षेत्रहरु	गत आ.व.को यथार्थ रकम	चालु आ.ब.को संशोधित अनुमान	आगामि आ.व.को प्रस्तावित	कैफियत
१	जिप प्रति दिन	रु ५०/-		रु ५०/-	
२	बस ट्रक एक ट्रिपको	रु १५०/-		रु १५०/-	
३	टेक्टर एक ट्रिपको	रु १००/-		रु १००/-	
४	जे.सि.भि र ह्भि इक्युपमेन्ट प्रतिदिन	रु २००/-		रु ३००/-	

अनुसूची - ७
(दफा ८ संग सम्बन्धित)
गाउँपालिकाले लगाउने विज्ञापन कर

सि.नं.	राजश्वका क्षेत्रहरु	गत आ.व.को यथार्थ रकम	चालु आ.व.को संशोधित अनुमान	आगामि आ.व.को प्रस्तावित	कैफियत
१	गाडीमा सामान बोकी विज्ञापन गर्ने (प्रतिपटक)	रु १००/-		रु १००/-	
२	स्टल राखी विज्ञापनगर्ने (प्रतिदिन)	रु १००/-		रु १००/-	
३	कन्सर्ट (प्रतिपटक)	रु १००/-		रु ५००/-	

४	तुलव्यानर राखी विज्ञापन - प्रतिपटक	रु ५०/-		रु ५०/-	
५	होडिङ बोर्ड राखि बिज्ञापन गर्ने	रु ५००/-		रु ५००/-	
६	सञ्चार सम्बन्धित टावर	रु ६०००/-		रु ६०००/-	

अनुसूची - ८
(दफा ९ संग सम्बन्धित)
गाउँपालिकाले लगाउने मनोरञ्जन कर

सि.नं.	राजश्वका क्षेत्रहरु	गत आ.व.को यथार्थ रकम	चालु आ.व.को संशोधित अनुमान	आगामि आ.व.को प्रस्ताबित	कैफियत
१	सिनेमा घर	रु ५००/-		रु ५००/-	
२	भिडियो देखाउने	रु २००/-		रु २००/-	
३	गित सङ्गित पाठशाला	रु २००/-		रु २००/-	
४	जादुगर,सर्कश,	रु २००/-		रु २००/-	
५	डान्सवार ,दोहोरिसाँझ	०		रु २०००/-	
६	पोलो, हकी, स्नुकर			२०००/-	

अनुसूची - ९
(दफा १० संग सम्बन्धित)
गाउँपालिकाले लगाउने बहाल विटौरी शुल्क

सि.नं.	राजश्वका क्षेत्रहरु	गत आ.व.को यथार्थ रकम	चालु आ.व.को संशोधित अनुमान	आगामि आ.व.को प्रस्तावित	कैफियत
१	पक्कि घर बाटोले छोएको (प्रति कोठा मासिक)	रु १०००/-		रु १०००/-	
२	पक्कि घर बाटोले नछोएको (प्रति कोठा मासिक)	रु ८००/-		रु ९००/-	
३	कच्चि घर बाटोले छोएको (प्रति कोठा मासिक)	रु ८००/-		रु ८००/-	
४	कच्चि घर बाटोले नछोएको (प्रति कोठा मासिक)	रु ६००/-		रु ६००/-	

५	टिनको छाप्रो मासिक	रु ५००/-		रु ५००/-	
६	बाटोको क्षेत्रमा प्रति रोपनि (मासिक)	रु १५००/-		रु २०००/-	
७	बाटोको क्षेत्र बाहेक प्रति रोपनि (मासिक)	रु १०००/-		रु १५००/-	


अनुसूची - १०
(दफा ३१ संग सम्बन्धित)
गाउँपालिकाले लगाउने पार्किङ शुल्क

सि.नं.	राजश्वका क्षेत्रहरु	गत आ.व.को	चालु आ.व.को स्वीकृत रकम रु	आगामि आ.व.को प्रस्तावित	कैफियत
१	मोटर साइकल	रु १०/-	रु१०/-	रु४०/-	प्रतिदिन
२	कार,जिप,	रु २०/-	रु २०/-	रु ६०/-	
३	टेक्टर	रु ३०/-	रु ३०/-	रु १००/-	
४	बस,ट्रक	रु ४०/-	रु ४०/-	रु १००/-	
५	स्काभेटर, डोजर				

अनुसूची - ११
(दफा ३२ संग सम्बन्धित)
गाउँपालिकाले लगाउने ट्रेकिङ, बन्जी जम्पिङ्ग, र ज्याफ्टीङ शुल्क

सि.नं.	राजश्वका क्षेत्रहरु	गत आ.व.को दर	चालु आ.व.को स्वीकृत दर रु	आगामि आ.व.को प्रस्तावित	कैफियत
१	ट्रेकिङ (आन्तरिक पर्यटक)	रु १००/-	रु १००/-	रु १००/-	
	ट्रेकिङ (बाह्य पर्यटक)	रु १०००/-	रु १०००/-	रु १०००/-	
२	बन्जी जम्पिङ्ग (आन्तरिक पर्यटक)	रु ५००/-	रु ५००/-	रु ५००/-	
	बन्जी जम्पिङ्ग (बाह्य पर्यटक)	रु १५००/-	रु १५००/-	रु १५००/-	
३	ज्याफ्टीङ्ग शुल्क (आन्तरिक पर्यटक)	रु २५०/-	रु २५०/-	रु २५०/-	
	ज्याफ्टीङ्ग शुल्क (बाह्य पर्यटक)	रु १०००/-	रु १०००/-	रु १०००/-	






अनुसूची - १२

(दफा १३ संग सम्बन्धित)

गाउँपालिकाले लगाउने सेवा शुल्क, सिफारिस दस्तुर

सि.नं.	राजश्वका क्षेत्रहरु	गत आ.व.को दर	चालु आव.को स्वीकृत दर रु.	आगामि आ.व.को प्रस्तावित दर	कैफियत
१	घर जग्गा नामसारी सिफारिस	१००/-		१५०/-	
२	मोही लगत कट्टा सिफारिस	१००/-		१००/-	
३	घर कायम सिफारिस	१००/-		१५०/-	
४	छात्र बृत्ति सिफारिस	५०/-		५०/-	
५	विपन्न विद्यार्थी छात्र बृत्ति सिफरिस	५०/-		५०/-	
६	अपांग सिफारिस	निशुल्क		निशुल्क	
७	अस्थायी बसोवास सिफारिस	१००/-		१५०/-	
८	स्थायी वसोवास सिफारिस	१००/-		१५०/-	
९	नागरिकता सिफारिस	१००/-		५००/-	
	नागरिकता प्रतिलिपि सिफारिस	१००/-		२००/-	
१०	अँगिकृत नागरिकता सिफारिस	५००/-		५००/-	
११	आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित	१००/-		१००/-	
१२	आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित	१०००/-		१५००/-	
१३	विद्युत जडान सिफारिस	१००/-		१५०/-	
१४	धारा जडान सिफारिस	१००/-		१००/-	
१५	जिवित रहेको सिफारिस	१००/-		१००/-	
१६	दुवै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिस/ फरक जन्ममिति संशोधन सिफारिस	१००/-		१००/-	
१७	जग्गा मूल्याङ्कन सिफारिस र प्रमाणित	५००/-		१००/-	



१८	व्यवसाय वन्द सिफारिस	१००/-		१००/-
१९	व्यवसाय सञ्चालन नभएको सिफारिस	१००/-		१००/-
२०	व्यापार व्यवसाय नभएको सिफारिस	१००/-		१००/-
२१	कोट फी मिनाहा सिफारिस	१००/-		१००/-
२२	नावालक परिचयपत्र सिफारिस	१००/-		१५०/-
२३	चौपाय सम्बन्धी सिफारिस	१००/-		१००/-
२४	व्यवसाय दर्ता सिफारिस	१००/-		२००/-
२५	उद्योग ठाउँसरी सिफारिस	५००/-		१०००/-
२६	विद्यालय ठाउँसरी सिफारिस	५००/-		५००/-
२७	आन्तिरिक बसाइँसराई सिफारिस	१००/-		पञ्जीकरण नियमावली अनुसार
२८	व्यक्तिगत विवरण सिफारिस	१००/-		१००/-
२९	जग्गा दर्ता सिफारिस	१००/-		१५०/-
३०	संरक्षक सिफारिस (व्यक्तिगत)	१००/-		१००/-
३१	संरक्षक सिफारिस (संस्थागत)	२००/-		२००/-
३२	नेपाल सरकारको नाममा बाटो कायम सिफारिस	१००/-		१५०/-
३३	जिवित संगको नाताप्रमाणित	१००/-		१००/-
३४	मृतक संगको नाता प्रमाणित	१००/-		१००/-
३५	कोठा खोल्ने कार्य/रोहवरमा वस्ने कार्य	१००/-		१००/-
३६	निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस	निशूल्क		निशूल्क
३७	अन्य कार्यालयको मागअनुसार विवरण खुलाइपठाउने कार्य	निशूल्क		निशूल्क
३८	संस्था दर्ता सिफारिस	३००/-		३००/-
	समुह दर्ता सिफारिस	१००/-		१००/-
३९	घरबाटो प्रमाणित	१५०/-		१५०/-
४०	चार किल्ला प्रमाणित	१५०/-		५००/-
४१	जन्म मिति प्रमाणित	१००/-		१००/-
४२	विवाह प्रमाणित	१००/-		२५०/-

४३	कागज मन्जुरीनामा प्रमाणित	१००/-		१००/-	
४४	हकवाला वा हकदार प्रमाणित	१००/-		१००/-	
४५	अविवाहित प्रमाणित	१००/-		१००/-	
४६	जग्गा रेखाङ्कनको कार्य वा सो कार्यमा रोहवर	१५०/-		२००/-	
४७	जग्गा धनीपूर्जा हराएको सिफारिस	१००/-		२००/-	
४८	पूर्जामा घर कायम गर्ने सिफारिस	१००/-		१००/-	
४९	अंग्रेजी सिफारिस तथा प्रमाणित	प्रति पेज १००/-		प्रति पेज १००/-	
५०	मिलापत्र कागज /उजुरी दर्ता	१००/-		१००/-	न्यायिक समितिसंग सम्बन्धित अनुसूचि अनुसार
५१	राष्ट्रिय परिचयपत्रको विलम्ब दस्तुर			२००/-	
५२	राष्ट्रिय परिचयपत्रको प्रतिलिपि दस्तुर			५००/-	
५३	व्यक्तिगत घटना दर्ताको विलम्ब शुल्क			२००/-	पंजीकरण नियमावली अनुसार
५४	व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल दस्तुर			५००/-	पंजीकरण नियमावली अनुसार
५५	व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर			२००/-	
५६	परिचय नम्बर वा वैयक्तिक विवरणको प्रमाणीकरणको सेवा बापत प्रति व्यक्ति प्रति पटकको दस्तुर			५/-	
५७	जैविक विवरण वा परिचयपत्रको प्रमाणीकरणको सेवा बापत प्रति व्यक्ति प्रति पटकको दस्तुर			५/-	
५८	परिचय नम्बर , वैयक्तिक विवरण, जैविक विवरण वा परिचयपत्रको प्रमाणीकरण भई सम्बन्धित व्यक्तिको अन्य वैयक्तिक विवरण प्रदान गरे बापत प्रति व्यक्ति प्रति पटकको दस्तुर			२०/-	
५९	पक्का घरको सर्जमिन बापत	२००/-		२००/-	
६०	अन्य सबै प्रयोजनको सर्जमिन बापत	२००/-		२००/-	

५१	अचल सम्पत्ति मूल्याकंन	०.०५ प्रतिशत		०.०५ प्रतिशत	
५२	रकम कलम बढाई दिएवापत	बढाइएकोमा २ प्रतिशत		बढाइएकोमा २ प्रतिशत	
५३	नाता प्रमाणित	१००/-		१००/-	
५४	बहाल करको लेखा जोखा सिफारिस	१००/-		१००/-	
५५	घर घाताल प्रमाणित	निःशुल्क		निःशुल्क	
५६	कितकाट सिफारिस	१००/-		२००/-	
५७	नामसारी सिफारिस	१००/-		२००/-	
५८	जग्गाको हक सम्बन्धमा सिफारिस	१००/-		२००/-	
५९	पालन पोषणको लागि सिफारिस	१००/-		१००/-	
निजी विद्यालय सिफारिस					
६७	शिशु कक्षा संचालन दर्ता	१००० /-		१००० /-	
६८	आधारभूत स्तर	१५०० /-		१५०० /-	
६९	माध्यमिक स्तर	२०००/-		२०००/-	
सामुदायीक विद्यालय सिफारिस					
७०	शिशु कक्षा संचालन दर्ता	१०० /-		१०० /-	
७१	आधारभूत स्तर	३००/-		३००/-	
७२	माध्यमिक स्तर	५००/-		५००/-	
विद्यालयको ठाउँसारी गर्ने सिफारिस					
७३	निजी	१००० /-		१००० /-	
७४	सामुदायीक	५००/-		५००/-	
निजी विद्यालयको कक्षा वृद्धि (अपग्रेड)					
७५	आधारभूत स्तर	१५०० /-		१५०० /-	
७६	माध्यमिक स्तर	२०००/-		२०००/-	
७७	क्याम्पस/कलेज स्तर	२५००/-		२५००/-	
सामुदायीक विद्यालयको कक्षा वृद्धि (अपग्रेड)					
७८	आधारभूत स्तर	५००/-		५००/-	
७९	माध्यमिक स्तर	१००० /-		१००० /-	
८०	क्याम्पस/कलेज स्तर	१५०० /-		१५०० /-	
अन्य सेवा मूल्याङ्कन					

८१	१ लाख देखि २० लाख सम्म	२०००/-		२०००/-	
८२	थप प्रति लाख	१०० /-		१०० /-	

नक्सा पास दस्तुर

८३	कच्ची घरको RCC बाहेक एक मुष्ट भुकम्प प्रतिरोध घर एक तले	रु५००/-		५००/-	
८४	कच्ची घरको RCC बाहेक एक मुष्ट भुकम्प प्रतिरोध घर दुइ तले	रु१००० /-		१००० /-	
८५	कच्ची घरको RCC बाहेक एक मुष्ट भुकम्प प्रतिरोध घर तीन तले वा माथि	रु१५०० /-		१५०० /-	
८६	RCC को लागि प्रति तला (भुकम्प प्रतिरोध)	रु १००० /-		१००० /-	
८७	RCC को लागि प्रति ३ तला भन्दा माथि (भुकम्प प्रतिरोध)	रु ५००० /-		५०००/-	

अनुसूची - १३

योजना तथा कार्यक्रम सिफारिस शुल्क

सि.नं.	राजश्वका क्षेत्रहरु	सिफारिस शुल्क	आगामी आ.व. प्रस्तावित
८८	१ लाख देखि ३ लाख सम्म	रु ५००/-	प्रतिलाख ५००/–, (सम्झौता सिफारिस गर्दा
८९	हजार देखि ३ लाख सम्म	रु १०००/-	
९०	३ लाख देखि ५ लाख सम्म	रु १५००/-	
९१	५ लाख देखि १० लाख सम्म	रु २०००/-	
९२	११ लाख देखि २० लाख सम्म	रु २५००/-	
९३	२१ लाख देखि ४० लाख सम्म	रु ३०००/-	
९४	४१ लाख देखि ५० लाख सम्म	रु ३५००/-	
९५	५१ लाख देखि ६० लाख सम्म	रु ४०००/-	


उपरोक्त अनुसारको शुल्क गाउँपालिका अन्तर्गत सञ्चालन गरेका योजना /कार्यक्रमहरु बाहेकको हकमा मात्र लागू हुनेछ ।

अनुसुचि १४
(दफा १४ संग सम्बन्धित)
गाउँपालिकाले लगाउने पर्यटन शुल्क

सि.नं.	राजश्वका क्षेत्रहरु	गत आ.व.को यथार्थ रकम	चालु आ.व.को संशोधित अनुमान	आगामि आ.व.को प्रस्तावित	कैफियत
१	आन्तरिक पर्यटक बयस्क	रु १००/-		रु१००/-	
२	आन्तरिक पर्यटक बिधार्थि/बालबालिका/जेष्ठ नागरिक/अपाङ्ग	रु ५०/-		रु५०/-	
३	बाह्य पर्यटक	रु ५००/-		रु. ५००/-	

अनुसूची –१५
बिक्रीकर (वातावरण शुल्क)

सि.नं.	राजश्वका क्षेत्रहरु	गत आ.व.को यथार्थ रकम	चालु आ.व.कोस्वीकृत दर	आगामि आ.व.को प्रस्तावित दर रु	कैफियत
१	ढुङ्गा,गिट्ठी,वालुवा प्रति कट्टा			रु ५/-	
२	ढुङ्गा,गिट्ठी,वालुवा प्रति ट्रली			रु५००/-	
३	ढुङ्गा,गिट्ठी,वालुवा प्रति ट्रीपर			रु ७५०/-	
४	अस्थायी क्रसर संचालन रोयल्टी			२००००/-	वार्षिक एकमुष्ट



आज्ञाले

नाम : सिद्धराज भण्डारी

प्रमुख प्रशासकीय अधिकृत